शिवनाथ गाउँपालिका
SHIVANATH MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
शिवनाथ, बैतडी
**Shivanath, Baitadi**
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८०/०८१
सूचना नं. (Information No).- 01

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

## आन्तरिक आय तर्फको ठेक्का आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८०/०४/०१**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा (११) बमोजिम भएको व्यवस्था, शिवनाथ गाउँपालिका गाउँसभाको मिति २०८०/०३/२७ गतेको निर्णयानुसार यस गाउँपालिकाको वार्ड नं.१ स्थित नेपाल भारत सिमाक्षेत्रमा पर्ने माहाकाली नदीमा आवत जावतका लागि प्रयोग भईरहेका तपशिल बमोजिमका नदी घाटहरुमा चालू आ.व.२०८०/०८१ मा घाट सञ्चालनका लागि छुट्टाछुट्टै बोलपत्र आह्वान गर्नुपर्ने हुँदा उल्लेखित ठेक्काहरुको प्रथम पटकका लागि १५ दिने सुचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति,फर्म वा संस्थालाई न्युनतम अंकमा रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सुचना प्रकाशित गरिन्छ।

आन्तरिक आय ठेक्का विवरण

ठेक्का सम्बन्धी शर्तहरुः-

१.माथि उल्लेखित ठेक्काहरुको फाराम भर्दा कुल कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सबैभन्दा बढी कबोल अंक उल्लेख गर्ने बोलपत्रदाता हरुको बोलपत्र स्विकृत गरिनेछ।

२. ठेक्का अवधि सम्झौता भएको मिति बाट २०८१ साल आषाढ मसान्त सम्म हुनेछ। सम्झौता पश्चात बोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | कुल न्युनतम अंक रु. | बोलपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|
| १ | 01/SRM/INTERNAL/2080/081 | नागार्जुन घाट | १,००,०००।- | १०००।- | |
| २ | 02/SRM/INTERNAL/2080/081 | कुण्मौत घाट | ५५,०००।- | १०००।- | |

३. ठेक्का सम्झौता पछि तार उतार बाफत सेवाग्राही बाट नेपाल तर्फ बाट रु.३० र भारत तर्फबाट रू ४० कायम गरिएको छ। उल्लेखित शर्त बेगर शेवा शुल्क लिईएको पाईएमा कार्यालयले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ।

४. माथि उल्लेखित ठेक्काहरुको बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर यस कार्यालयको राजश्व शाखा वा नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको आन्तरिक राजश्व खाता

शिवनाथ गाउँपालिका
SHIVANATH MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०८०/०८१
सूचना नं. (Information No).:- ०१

नं.४१८९५२४१२०७००४ मा जम्मा गरेको भौचर, निवेदन र सम्बन्धित व्यक्तिको नागरिता सहित पेश गर्नु पर्नेछ।

५. बोलपत्र खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले १५औ दिन सम्म हुनेछ। १६औ दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १४:०० बजे बोलपत्र खोलिनेछ।

६. शर्त बमोजिम पेश नभएका,रित नपपुगेका, र म्याद नाघि आएका बोलपत्रमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ।

७. गत विगत आर्थिक वर्षहरुमा ठेक्का सम्झौता गरि सम्झौता अनुसार कार्य सम्पन्न नगरेका र राजश्व दाखिला नगरेका व्यक्ति फर्म,वा संस्थाले पेश गरेको निबेदन माथि कुनै कारवाही हुनेछैन।

८. ठेक्का स्विकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम एकमुष्ठ सम्झौता अगाडीनै नगद वा नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको आन्तरिक राज्श्व खाता नं.४१८९५२४१२०७००४ मा जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ।

९. घाट सञ्चालन गर्दा सम्बन्धित व्यक्ति वा सँस्था स्वंयमले तारउतार सामाग्रिको व्यवस्था गर्नुपर्नेछ र लाईफ ज्याकेटको व्यवस्था सम्वन्धित कार्यालयबाट गरिनेछ ।

१०. ठेक्का सम्बन्धि कुनै विवाद आएमा त्यसको निरुपण गर्ने अधिकार गाउँपालिका कार्यालयमा रहनेछ।

११. यस ठेक्का सूचनामा उल्लेखित शर्तहरु सो बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

नरेन्द्र सिह महता
प्रमुख प्रशासकिय अधिकृत
नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:-
श्री सूचना प्रविधि शाखा- वेवसाईटमा अपलोड गर्नहुन ।